सुचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ७ उपदफा २ संग सम्बन्धित

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

पर्वत अस्पताल

कुश्मा, पर्वत, नेपाल

**प्रदेश त्रैमासिक प्रतिवदन (आ.ब. २०८०/८१ तेस्रो त्रैमासिक ) सूचनाको हक सम्बन्धि ऐन २०६४ दफा ५(३) र सूचनाको हक सम्बन्धि**

**नियम ३ बमोजिम यस पर्वत अस्पताल को बार्षिक रुपमा सम्पादन गराइएको विवरण प्रकाशन गरिएको छ।**

## १. निकायको स्वरुप र प्रकृतिः

पर्वत अस्पताल पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारको सवैभन्दा तल्लो भाग बडागाउँमा अवस्थित छ। अस्पताल रहेको भाग पवित्र कालीगण्डकी नदि र उर्जा नदिको रुपमा प्रख्यात मोदी खोलाको विच भागमा अवस्थित छ। यो क्षेत्र जिल्लाको मुख्य प्रशासनिक कार्यालयहरु भएको क्षेत्र हो। मध्य पहाडी लोकमार्गको पोखरा बाग्लुङ खण्डको शिवालय चोकबाट लगभग ७०० मिटर दुरीमा अस्पताल अवस्थित छ। पर्वत अस्पतालले अस्पतालको मान्यता पाउनु अगाडी कुश्मा हेल्थ पोष्टको रुपमा वि.सं.२०१६ सालबाट सेवा प्रारम्भ गरेको थियो। पूराना कर्मचारीका अनुसार वि. सं. २०२४ सालबाट कुश्मा पब्लिक हेल्थ पोष्ट नामाकरण भयो। वि.सं. २०४६ सालमा पर्वत अस्पताल गठन भएपनि हेल्थ सेण्टर जनस्वास्थ्य कार्यालय मातहत थियो। वि.सं. २०५० मा मात्र कुश्मा पब्लिक हेल्थ सेण्टरलाई अस्पतालमा नै गाभिएको थियो। त्यसपछि वि.सं. २०७४ सम्म निरन्तर जिल्ला अस्पताल जिल्ला स्वास्थ्य कार्यालय मातहत रह्यो। वि.स. २०७४ को संघिय तथा प्रदेश सभा निर्वाचन पछि जिल्ला अस्पतालहरुलाई प्रदेश मातहत राखियो। त्यसपछि प्रदेश मातहतका अस्पतालहरुलाई स्वायत्त अस्पतालको रुपमा मान्यता प्राप्त भएको हो। वि.सं. २०४६ माघ १६ गते १५ वेडको मान्यता पाएको अस्पताल हो। तर व्यवस्थापनको पहलकदमीमा हाल ६० वेड सञ्चालन गरिएको छ। केवल २२ जनाको मात्र दरवन्दी रहेको यस अस्पतालमा २ जना मात्र डाक्टरको दरवन्दी स्विकृत छ।

| Hospital Bed Number | | Bed Number |
|---|---|---|
| Government Approved | | 15 |
| Current Running | | |
| Ward | Male | 8 |
| | Female | 8 |
| Maternity | Prelabour | 4 |
| | Labour | 1 |
| | Postlabour | 4 |
| Postoperative | Postop | 4 |
| Pediatrics | | 4 |
| Emergency | | 8 |
| Dialysis | | 9 |
| Nutrition | | 10 |
| | | |
| | Total | 60 |

**२.उद्देश्यहरु**

- नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध गराउने,
- प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्राणालीको स्थापना गर्ने,
- स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई सहज रुपमा उपचार सेवा उपलब्ध गराउने
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता सुनिश्चित गरि अस्पतालको सुदृढिकरणमा समुदाय तथा नीजि क्षेत्रको संलग्नता वृद्धि गर्दै अपनत्व प्रवर्द्धन गर्ने
- विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सेवा तथा उपकरणहरु व्यवस्थापन र परिचालन गर्ने

**३. भावी सोच**

**स्वस्थ, उत्पादनशिल र गुणस्तरिय नागरिक निर्माण**

ध्येय

**उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग मार्फत सेवाग्राही र सरोकारवालाहरु बीच रणनीतिक सहकार्य गरी नागरिकहरुको सहज उपचार पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने।**

## लक्ष्य

आधुनिक सेवाहरु थप गरि आधारभूत स्वास्थ्य समस्याहरुको उपचारका लागि ठुला शहरमा जानुपर्ने बाध्यताको अन्त्य गरि उपचार सेवाको पहुँत वृद्धि गर्ने र न्यायसंगत एवम जवाफदेहि प्रणालीको माध्यमबाट उपचार सेवा उपलब्ध गराउने

## सोचहरू

## अल्पकालीन सोचहरू

१ पर्वत अस्पतालमा विस्तारित स्वास्थ्य सेवा प्रदान गर्नका लागि १२ घण्टे ओपिडी सेवा विस्तार गरिनेछ।

२ पर्वत अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि विशेषज्ञ सेवा विस्तार गरिनेछ।

३ पर्वत अस्पतालमा अस्पतालको आफ्नै सुरक्षित भरपर्दो पानीको स्रोत व्यवस्थापन गरी पानीको आपूर्ति सहज गरिनेछ।

४ पर्वत अस्पतालमा जेष्ठ नागरिक तथा अपाङ्ग लागि जेष्ठ नागरिक ओपिडी सञ्चालन गरिनेछ।

५ पर्वत अस्पतालमा दूरदराजमा रहेका आमाहरू गर्भवती तथा सुत्केरीहरूको उपचारका लागि र आफ्नो घर परिवार सहितको अवस्था गर्भवती तथा सुत्केरी अवस्थालाई सहज बनाउनलाई बनाउनका लागि आमाघर सञ्चालन गरिनेछ।

६ प्रदेश सरकारको सोचअनुसार जिल्लामा रहेका र जिल्लाबाट सेवा लिन जाने मृगौला पीडितहरुका लागि सेवा प्राप्त गर्नका लागि प्रतीक्षारत बिरामीहरूको संख्या  शून्य बनाउनका लागि छ ।

७ विशेषज्ञ तथा जनरल चिकित्सकहरूको व्यवस्थापन तथा प्रोत्साहनको लागि कार्यविधि बनाई प्रोत्साहन  मुस्कान सहितको गुणस्तरीय सर्वसुलभ सेवा प्रदानको सुनिश्चितता गरिनेछ।

८  अस्पतालबाट प्रदान गरिने सेवाको सम्पूर्ण विवरण गराउनका लागि इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम लागू गरिनेछ

९ अस्पतालमा गरिने शिक्षणहरूमा प्रिस्क्रिप्सनहरूमा जेनेरिक प्रशिक्षण सुरु गरिनेछ।

१० अस्पतालको आन्तरिक तथा बाह्य सुन्दरता बनाउन लागि सुन्दर पर्यावरण विकास गर्न गार्डेन तथा अस्पताल परिसरको सजावटलाई विशेष  ध्यान दिनेछ।

११ विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूसँग समन्वय गरी शिक्षाशास्त्र अन्तर्गत स्नाकोत्तर गरिरहेका विद्यार्थीद्वारा MD Resident Doctor द्वारा सेवा विस्तार गरिनेछ।

११ सी एस एस डी विभागलाई एकीकृत द्वारद्वारा सञ्चालन गरी सेन्टर सीएसएससी स्थापना गरिनेछ ।

१२ अस्पतालमा उपलब्ध गराइने औषधिहरूको सुपत मूल्यमा उपलब्धताका लागि खरिद प्रक्रिया स्वस्थ   र प्रतिस्पर्धी बनाई स्रोतको उच्चतम उपयोग गरी इलेक्ट्रोनिक बिडिङ मार्फत औषधि प्रक्रिया औषधि खरिद प्रक्रिया सञ्चालन गरिनेछ।

१३ जिल्ला स्थित सम्पूर्ण पालिकाहरू स्थानीय प्रशासन अन्य कार्यालय तथा स्वास्थ्य कार्यालय सँग समन्वय गरी आवश्यक पूर्वाधार स्रोत व्यवस्थापन तथा सहजीकरणको लागि व्यवस्था मिलाइनेछ।

## दीर्घकालीन  सोचहरू

1. जिल्ला स्थित पालिकाहरूको समन्वय तथा सम्बन्धलाई सुधार गरी हाम्रो अस्पताल, राम्रो अस्पताल रुपमा विकास गरी सम्पूर्ण बिरामीको विश्वास बढाई सेवाको गुणस्तर उच्चतम राख्दै बिरामीहरू उपचारका लागि अस्पतालमा आउने वातावरण उपचारका लागि बाहिर जानुपर्ने अवस्था अन्त्य गराइनेछ ।
2. पर्वत अस्पताललाई सुविधा सम्पन्न ५० शैय्या विशेषज्ञ चिकित्सक सहितको अस्पतालमा स्तरउन्नति गरिउनका लागि आवश्यक प्रक्रिया   बनाइदिन्छ ।
3. विशेषज्ञ चिकित्सक सहित गुणस्तरीय सेवा प्रदानका लागि  पर्वत अस्पताललाई सक्षम बनाइनेछ ।
4. आईसीयु सेवा विस्तार गरि अस्पतालबाट रिफर हुने बिरामीको संख्या न्यून बनाइनेछ ।
5. सिटी स्क्यान लगायत जाँचहरू गराउनको लागि जिल्ला बाहिर जानुपर्ने अवस्था अन्त्य गर्नका लागि व्यवस्था मिलाइनेछ ।
6. आँखा उपचार सेवा केन्द्र विस्तार गरी गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिनेछ ।

7. अस्पताललाई स्वास्थ्य सम्बन्धी तालिमका लागि  स्वास्थ्य तालिम सहितको रुपमा  स्थापित गरिनेछ ।

8. अस्पताललाई गण्डकी प्रदेशकै साथै मध्यपाडी लोकमार्ग, कालीगण्डकी कोरिडोर अन्तर्गत रहनेगरी विशिष्टकृत ट्रमा सेन्टर **Trauma Center** को रूपमा विस्तार गरिनेछ ।

9. अस्पताललाई नर्सिङ तथा प्यारामेडिक्स अध्ययन अध्यापन गराउनका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा स्तर उन्नति गरिनेछ ।

## ४. पर्वत अस्पतालमा विभिन्न शाखा तथा शाखामा कार्यरत कर्मचारीको कार्य विवरण

| | | Permanent | Darbandi Karar | Pradesh Karar | Dialysis Karar | CEONC SNCU programme | Samiti | Scholorship | Nutrition | NSI | Eye | MSS | SSU | Provine Vol | KAJ | Social Service | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consultant | 1 | | | | | | | | | | | | | | | |
| 2 | Medical Officer | 2 | | | 1 | | | 4 | | 1 | | | | | | | |
| 3 | Dental officer | | | | | | | 1 | | | | | | | | | |
| 4 | Admistration | 1 | | | | | | | | | | | | | | | |
| 5 | Medical Lab technoogist | | | | | | | | | | | | | | | | |
| 6 | Medical Recorder | 1 | | | | | | | | | | | | | | | |
| 7 | Nurse/ANM | 3 | | 9 | 4 | 2 | 1 | 1 | | 1 | | | | | | | |
| 8 | ANM | 2 | | | | | 2 | | 2 | | | | | | 1 | 1 | |
| 9 | HA/AHW | 1 | | 2 | | | 4 | | | | | | | | | | |
| 10 | AHW | 2 | | | | | | | | | | | | | | | |
| 11 | Pharmacy | 0 | | 1 | | | 1 | | | | | | | | | | |
| 12 | X ray | 1 | | 1 | | | 1 | | | 1 | | | | | | | |
| 13 | Lab | 1 | | 1 | | | | | | 1 | | | | | | | |
| 14 | BMET | | | | | | | | | 1 | | | | | | | |
| 15 | Computer operater | | | | | | 2 | | | | | | | | | | |
| 16 | Registration | | | | | | 3 | | | | | | | | | 2 | |
| 17 | Helper | | 9 | | 2 | 2 | 9 | | 2 | | | 1 | 1 | 2 | | | |
| 18 | Guard | | | | | | 1 | | | | | | | | | | |
| 19 | Driver | | 1 | | | | 1 | | | | | | | | | | |
| | | 15 | 10 | 14 | 7 | 4 | 25 | 6 | 4 | 5 | 0 | 1 | 1 | 2 | 1 | 3 | 98 |

शहरमा धेरै पैसा खर्च गरेर जानु पर्ने बाध्यता अन्त्य गर्न सकिन्छ भन्ने मान्यताका साथ पर्वत अस्पताललाई अस्पताललाई प्रविधियुक्त, विश्वसनिय सेवा सहित बिरामी मैत्री बनाउँदै लगिएको छ

## ६.अस्पतालले गरेका कार्यहरु

1. मृगौलाको डायलासिस सेवा विस्तार गरि शुरु गरिएको , प्रतिक्षारत बिरामी शून्य बनाइएको
2. अस्पतालको आफनै अक्सिजन प्लाण्ट जडान गरि अक्सिजन उत्पादन गरि सिलिण्डरमा भर्ने झण्झटको अन्त्य गरिएको
3. भिडियो एक्सरे (USG) लाई अत्याधुनिक बनाईको छ भने एक्सरेलाई डिजिटल प्रणाली अनुकुल बनाईएको
4. विद्युतको वैकल्पिक व्यवस्थापनका लागि ८२.५ केभिए को जेनेरेटर प्रवन्ध गरिएको छ
5. शवलाई लामो समयसम्म सुरक्षित राख्नका लागि शव चिसो बनाउने मेशिन (मर्चरी च्याम्वर) प्रवन्ध गरिएको
6. अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि यसै वर्षदेखि ठुलो क्षमताको अटोक्लेभ मेशिन व्यवस्था गरिएको साथै फोहोर व्यवस्थापनका लागि भिन्दै भवन निर्माण गरिएको
7. अपरेशन भएका विरामी तथा अन्य रगत आवश्यक पर्ने विरामीहरुको सहजताका लागि विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि रक्तदाताहरुको रोष्टर तयार गरि अस्पतालमा राखिएको
8. सम्पूर्ण अस्पतालको अनलाईन अनुगमनका लागि सि सि क्यामेरा जडान गरिएक , कर्मचारीको विद्युतीय हाजिर पद्धति लागु गरिएको ।
9. अस्पतालमा आउने विरामी तथा अन्य व्यक्तिहरुका लागि निशुल्क ईन्टरनेट सुविधा उपलब्ध गराईएको छ
10. नवजात शिशुको सघन उपचारका लागि SNCU वेड व्यवस्थापन गरिएको ।
11. विगतमा यस पर्वत अस्पतालमा प्रवन्ध नभएको थाईराईड परिक्षण सेवा सुचारु गरिएको
12. आम्दानी खर्च तथा अन्य वित्तिय पारदर्शिता र प्रभावकारीतका लागि सफ्टवयर जडान गरिएको
13. घरेलु तथा अन्य प्रकारको हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि एकद्धार संकट व्यवस्थापन केन्द्र स्थापना गरि सेवा प्रदान गरिंदै आएको
14. गरिव, असहाय र विपदमा परेकाहरुलाई उपचारमा सहयोग गर्ने अभिप्रायले विपद कोष स्थापना गरिएको
15. अस्पतालमा कार्यरत चिकित्सिक तथा अन्य स्वास्थ्यकर्मीहरुलाई विषयगत ज्ञान र सीप विकासका लागि आवश्यकता अनुसारका तालिमहरु

## नवीनतम कार्यहरु

- ७-७ बिस्तरित बहिरंग सेवा ( १२ घण्टा OPD Service )
- आमा घर
- मृगौलाको डायलासिस सेवा विस्तार
- Complete Electronic Medical Record सुरू गरिएको
- E Bid मार्फत औषधी खरिद सम्पन्न

## ७.अस्पातालले सेवाहरु

## १ रोकथाम (Preventive)

- **VIA**
- **पोषण,**
- **CB-IMNCI,**
- **सुरक्षित मातृत्व**
- **परिवार नियोजन**
- **मलेरिया**
- **क्षयरोग, कुष्ठरोग,**
- **PMTCT**
- **ART/HTC**
- **खोप**

## उपचारात्मक (Curative )

- **इनडोर वार्ड सेवाहरू**
- **आपतकालीन**
- **ओपीडी (सामान्य/बालरोग)**
- **दन्त**
- **डायलासिस सेवा**
- **सञ्चालन सेवा**
- **पोस्ट अपरेटिभ सेवा**
- **आँखा सेवाहरू**
- **NRH**
- **पोस्टमार्टम**

**यस दोस्रो त्रैमासिकमा गरिएको सेवा**

**८. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भएसोको विवरण- भएको**

**९. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

**वेभसाइट: https://parbathospital.gandaki.gov.np/**

**इमेल: parbathospital@gmail.com**

**१०. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

- नभएको

११.

सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन यस सँग सम्बन्धित विवरण website  मा समावेश गरिएको छ।

१२. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना- नभएको

१३. सप्रेषण गर्न तोकिएको समयावधि- नभएको

१४. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण लिखित रुपमा सूचना माग प्राप्त नभएको। मौखिक तथा फोन मार्फत माग गरिएको सूचना आवश्यकताका आधारमा उपलब्ध गराइएको।

१५. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण कार्यालयको वेभसाइट/इमेल/फेसवुक पेज तथा वार्षिक प्रगति प्रतिवेदन पुस्तिकाबाट प्रकाशन हुँदै आएको।

सचुनाको हक कार्यवनयनको अबस्था

१६ सचुना अधिकारीको  नियुत्ती -  भएको , लक्ष्मण उपाध्याय ,सूचना अधिकारी ९८५७६६०११९